अन्नपूर्ण गाउँपालिकाको आठौं गाउँसभामा

गाउँपालिका उपाध्यक्ष श्री सगुन गुरुङद्धारा प्रस्तुत

आर्थिक वर्ष २०७७/०७८ को

# बार्षिक आय व्ययको विवरण

# (बजेट)

अन्नपूर्ण गाउँपालिका

माछापोखरी,कास्की

२०७७ साल असार १० गते

# उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट प्रतिवेदन

**श्रद्धेय अध्यक्ष महोदय,**

प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सबै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण स्थानीय गाउँपालिकाबासीहरु, सञ्चारकर्मी/पत्रकारज्यूहरु सबैमा अन्तरआत्मा देखि गाउँपालिकाको आगामी आ.व. २०७७/०७८ को बजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु।

सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरु प्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । शहिदहरुका सपना र अग्रजहरुको मार्गदर्शन वमोजिम नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने र संवैधानिक व्यवस्थालाई सहि र सकारात्मक कार्यान्वयनको यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु।

अन्नपूर्ण गाउँपालिकाको आठौं सभामार्फत गाउँपालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम अनुसारको आगामी आ.व. २०७७/०७८ को ऐतिहासिक चौंथो वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भएको छ।

अन्नपूर्ण गाउँपालिकाको विकासको  निम्ति बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुराउनु हुने अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु तथा गाउँपालिका बासी दाजुभाइ, दिदी बहिनीहरु सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना बोकेको पालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामू केही चुनौतिहरु विद्यमान छन् । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुर्‍याउने प्रकृतिक स्रोत साधन वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै पालिका वासीहरुमा आफ्नै ठाउमा रही केही गर्ने वातावरण सृजना गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी स्थानीय सरकारको रुपमा हाम्रो सामू रहेका छन्।

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरुलाई सम्वोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट  प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्न यस पालिकालाई “**कृषि, पर्यटन र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**” को दीर्घकालिन लक्ष्य तय गरी पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्दै आइरहेको सन्दर्भको प्रस्तुत बजेट स्थानीय सरकार संचालन ऐन २०७४,  स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

अन्नपूर्ण गाउँपालिकाको आवधिक पञ्चवर्षीय योजना, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत राष्ट्रिय नीतिहरु तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरु र सो सम्वद्ध नियमावली एवम् कार्यविधिहरुले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयाका चरणहरु अवलम्वन गरी सहभागिता मुलक ढंगले बजेट तर्जुमा गरिएको छ ।

प्रस्तुत बजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिका र गाउँ कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णय बमोजिम यस गाउँपालिकाको आगामी आ.ब. को लागि कायम हुने बजेट सीमा भित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक, २०७७ र सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक, २०७७ पेश गरेकी छु ।

बजेटका सिद्धान्त तर्जुमा गर्दा मैले स्थानीय सरकारको अधिकार सूची, केन्द्र सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई र यस गाउँपालिकाको नीति तथा कार्यक्रमलाई ध्यान दिई तीव्र, उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रित गर्न खोजेकी छु ।

स्थानीय जनअपेक्षा र आदरणीय सभा सदस्यहरुको विकास प्रतिको तिव्र चाहानालाई सम्बोधन गर्न ठूलो आकारको बजेटको आवश्यकता पर्ने देखिन्छ । गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधनबाट जनताको असिमित आवश्यकताहरुलाई पुरा गर्न कठिनाई भएतापनि प्राप्त स्रोत साधनको समुचित उपयोग हुने गरी स्रोत साधनको बाँडफाँडको व्यवस्था मिलाईएको छ । हामी संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको हुँदा गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो बजेट तर्जुमा गरेकी छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**प्रस्तुत आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।**

१. विश्वव्यापी कोरोना भाइरस (कोभिड-१९) बाट स्थानीय जनताहरुलाई सुरक्षित राख्ने एवं संक्रमणको सामना गरी जनतालाई स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिलाउने,
२. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुराई जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,
३. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गर्ने,
४. स्थानीय स्रोत, साधन, सीपको अधिकतम उपयोगमा जोड दिई स्थानीय रोजगारी अभिवृद्धि गर्ने,
५. महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गराउने,
६. लैङ्गिक समानता र समाजिक समावेशीकरण र सामाजिक सदभाव अभिवृद्धि गर्ने,
७. दिगो विकास, वातावरणीय संरक्षण, तथा सम्वद्र्धन गर्न सघाउ पुर्‍याउने,
८. भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुराउने
९. सन्तुलित विकास, समतामूलक विकास र समन्यायिक वितरण प्रणालीमा जोड दिने ,
१०. रोजगारीका अवसरहरु सृजना गरी बेरोजगारी दर घटाउने,
११. अन्नपूर्ण बासी जनताको जीवनस्तर वृद्धि गरी सम्मुनत र समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने,

समृद्ध अन्नपूर्ण निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले अनुशरण गरेको "**कृषि, पर्यटन र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**" भन्ने दिर्घकालीन दृष्णिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०७७।७८ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएकी छु।

१. कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि आवश्यक पूर्वतयारीहरुको व्यवस्था गर्दै जनतामा स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिलाउने,

२. बैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएका युवा शक्तिहरुलाई स्थानीय तहमा नै स्वरोजगार र आय आर्जनका क्षेत्रमा उत्प्रेरित गर्ने,

३. भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नति गर्ने,

४. गाउँपालिकाको केन्द्र भवन, वडा कार्यालय भवनहरु, सामुदायिक भवन, विद्यालय भवन लगायतका संरचनाहरु निर्माण गर्ने,

५. स्थानीय सडक निर्माण तथा सडक पूल तथा झोलुङ्गे पूलहरु निर्माण गर्ने,

६. शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी गरी नागरिकको जीवन स्तर अभिवृद्धि गर्ने,

७. कृषि क्षेत्रको अधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण तथा जग्गा चक्लावन्दी गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने,

८. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गरी अन्नपूर्णलाई पर्यटकीय हवको रुपमा विकास गरी जनताको आयस्तर बढाउने,

९. युवा आयआर्जन तथा स्वरोजगार कार्यक्रम मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

१०. उर्जाको विकास र विस्तार तथा विद्युतिकरण, जलस्रोतको विकास र सिंचाई पूर्वाधार संरचना निर्माण गर्ने,

११. आय आर्जन, क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गरी गाउँपालिकालाई आकर्षण केन्द्रको रुपमा स्थापित गर्ने,

१२. परम्परागत संस्कृतिको संरक्षण तथा घरेलु तथा साना उद्योगहरुको र सहकारी क्षेत्रको विकास गर्ने,

१३. महिला, बालबालिका, आदीवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायत पछाडि परेका वर्गको उत्थान तथा विकासका र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने,

१४. युवा क्लब तथा विभिन्न सामाजिक संघ सस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि एवम् खेलकुद पूर्वाधार संरचनाहरुको निर्माण गर्ने,

१५. फोहोरमैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली पवर्द्धन कायम गर्ने,

१६. यस गाउँपालिकाबाट प्रवाह गरिने सेवा लाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्था गर्ने।

**श्रद्धेय अध्यक्ष महोदय,**

म आगामी आ.व.को बजेटप्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०७५ / ०७६ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०७६ / ०७७ संशोधित आय/व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु।

| **आय/व्ययको विवरण** | | | |
|---|---|---|---|
| **क्र.स.** | **विवरण** | **आ.व. २०७५/०७६ को यथार्थ** | **आ.व. २०७६/७७ का संशोधित अनुमान** |
| १ | चालु खर्च | २९ करोड ५५ लाख १३ हजार ६ सय ४८ | ३३ करोड ६० लाख ९५ हजार ६ सय ३ |
| २ | पुँजिगत खर्च | १८ करोठ ५४ लाख १७ हजार ९ सय २७ | १९ करोड ४३ लाख ९८ हजार २ सय ३४ |
| **जम्मा** | | **४८ करोड ९ लाख ३१ हजार ६ सय एक** | **५३ करोड ४ लाख ९३ हजार ८ सय ३७** |

यस गाउँपालिकालाई आगामी आ.व. २०७७/०७८ को लागि स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गरेकी छु।

| **अगामी आ.ब. २०७७/०७८ को प्रस्तावित आय विवरण** | | |
|---|---|---|
| **क्र.स.** | **स्रोत/शिर्षकहरु** | **रकम रु.** |
| १ | सर्शत अनुदान (संघीय) | २७ करोड ९ लाख |
| २ | संघीय समपूरक अनुदान | २ करोड |
| ३ | समानिकरण अनुदान (संघीय) | ९ करोड ९० लाख |
| ४ | समानिकरण अनुदान प्रदेश | १ करोड २१ लाख ६९ हजार |
| ५ | राजश्व बाँडफाँड संघीय | ८ करोड ६४ लाख ७५ हजार १ सय २० |
| ६ | राजश्व बाँडफाँड प्रदेश | ३३ लाख ४८ हजार |
| ७ | अघिल्लो वर्षको अल्या | २ करोड |
| ८ | आन्तरिक स्रोत | २ करोड |
| ९ | गरिबसँग विश्वेश्वर | ७ लाख |
| १० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ३ लाख ७० हजार |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम | ११ करोड ३२ लाख ३७ हजार ८ सय ८० |
| १२ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १ करोड ५० लाख |
| **जम्मा** | | **६६ करोड १२ लाख** |

| अगामी आ.ब. २०७७/०७८ को प्रस्तावित व्यय विवरण | | |
|---|---|---|
| **क्र.स.** | **स्रोत/शिर्षकहरु** | **रकम रु.** |
| १ | सर्शत अनुदान (संघीय) | २७ करोड ९ लाख |
| २ | संघीय समपूरक अनुदान | २ करोड |
| ३ | चालु खर्च | ६ करोड ५० लाख ४२ हजार १ सय २० |
| ४ | पुँजीगत खर्च | १७ करोड ५९ लाख ५० हजार |
| ५ | गरिबसँग विश्वेश्वर | ७ लाख |
| ६ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ३ लाख ७० हजार |
| ७ | सामाजिक सुरक्षा कार्यक्रम | ११ करोड ३२ लाख ३७ हजार ८ सय ८० |
| ८ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १ करोड ५० लाख |
| **जम्मा** | | **६६ करोड १२ लाख** |

उल्लेखित आगामी आ.ब को लागि प्रस्ताव गरिएको आय तथा व्यय विवरण गत आ.ब. २०७५/०७६ को वास्तविक खर्च रकम रु. ४८ करोड ९ लाख ३१ हजार ६ सय १ भन्दा रु. १८ करोड २ लाख ६८ हजार ३ सय ९९ (३७.४८ प्रतिशत) ले बढि र चालु आ.ब. को संसोधित व्ययमा रकम रु. ५३ करोड ४ लाख ९३ हजार ८ सय ३७ भन्दा रु. १३ करोड ७ लाख ६ हजार १ सय ६३ (२४.६३ प्रतिशत) ले बढि रहेको छ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

माथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.ब २०७७/०७८ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरी प्रस्ताव गरेकी छु।

१. **पूर्वाधार विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रु. १६ करोड ५४ लाख रहेको छ। जुन कुल व्यय कुल बजेटको २५.०२ प्रतिशत रहेको छ।

२. **आर्थिक विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रु. ३ करोड ४९ लाख रहेको छ। जुन कुल व्यय कुल बजेटको ५.२८ प्रतिशत रहेको छ।

३. **सामाजिक विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रु. ३७ करोड ४० लाख ८७ हजार ८ सय ८० रहेको छ। जुन कुल व्यय कुल बजेटको ५६.५८ प्रतिशत रहेको छ।

४. **वन, वातावरण तथा विपद् व्यवस्थापनः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रु. १ करोड १३ लाख रहेको छ। जुन कुल व्यय कुल बजेटको १.७१ प्रतिशत रहेको छ।

५. **सुशासन तथा संस्थागत विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रु. ७ करोड ५५ लाख १२ हजार १ सय २० रहेको छ। जुन कुल व्यय कुल बजेटको ११.४२ प्रतिशत रहेको छ।

**श्रद्धेय अध्यक्ष महोदय,**

उल्लेखित क्षेत्रगत बाँडफाँडको विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरिएको छ। आगामी आ.ब. को लागि प्रस्तावित गरिएको आयोजनागत बाँडफाँडको विवरण वार्षिक विकास कार्यक्रममा समावेश रहेको छ। सर्शत अनुदान तर्फको हस्तान्तरित तथा निक्षेपित कार्यक्रमहरु प्राप्त कार्यक्रमका आधारमा संचालन हुने गरी व्यवस्था मिलाईएको छ।

चालु आ.व. २०७६/७७ को हाल सम्मको यथार्थ आय व्यय र आगामी आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय व्यय विवरणहरु, आर्थिक विधेयक र विनियोजन विधेयकमा तथा योजना गत विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनुसूचीहरुमा उल्लेख गरेकी छु।

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०७७ यसै साथ प्रस्तुत गरेकी छु। कर सम्वन्धी प्रस्ताव २०७७ साउन १ गते बाट प्रारम्भ हुने गरी व्यवस्था मिलाएकी छु।

**श्रद्धेय गाउँसभाका अध्यक्ष महोदय तथा यस सभाका सदस्य ज्यूहरु,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरुलाई मनन् गर्दै बजेट तयार गर्दा सबै क्षेत्रहरुलाई समेट्ने प्रयास गरिएको छ। यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएकी छु। गाउँपालिकालाई प्राप्त समिति स्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरुमा बाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार बजेट विनियोजन गरिएको छ। बजेटले लिएको उद्देश्य प्राप्तिको लागि प्रभावकारी कार्यान्वयन एवम् अनुगमन मूल्यांकन जरुरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरु समेत आवश्यक पर्न जान्छ। उपयुक्त बजेट कार्यान्वयनमा सदाझै सम्पूर्ण पालिका बासी एवम् सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह रचनात्मक सुझाव एवम् सृजनात्मक आलोचना र पृष्ठपोष्ण प्राप्त हुने अपेक्षा लिएकी छु।

पुन कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यता र प्राथमिकताहरुलाई नै बदलि दिएको छ। त्यसैगरी, यसले हरेक मुलुको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि गम्भिर असर पारेको छ । यस्तो अवस्थामा हामीले प्रवाह गरिने सार्वजनिक वस्तु र सेवाको पुनः प्राथमिकिकरण गर्नुपर्ने भएको छ। हामीले हाम्रो पालिकालाई कसरी कोभिड मुक्त गराउँदै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन गर्ने भन्ने चुनौतीसँग जुध्दै महामारीको सुरुवाती चरणदेखि नै यससँग जुध्न विशेष भूमिका निर्वाह गरेकोले नै वास्तवमै स्थानीय सरकारको औचित्य स्थापित भएको छ। पछिल्लो परिस्थितिहरुलाई हेर्दा आगामी दिनहरु अझ प्रतिकुल हुने देखिन्छ यस्तो अवस्थाको सामना गर्नका लागि हामीले आफुलाई अझ बढि व्यवस्थित रूपमा पूर्व तयारी गर्नुपर्ने अवस्था छ।

अन्त्यमा, प्रस्तुत बजेट तर्जुमाको सिलसिलामा हर वखत अमूल्य सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्ण श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरु, गाउँपालिका स्थित राजनैतिक दलका पदाधिकारी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्र सेवक कर्मचारीहरु लगायत सबै पक्षको विकासप्रतिको एकता, सम्वेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी एवम् सबै निर्वाचित पदाधिकारी वीच

रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रो लागि अत्यन्त महत्वपूर्ण रह्यो, यसप्रति सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु। बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुराउनु हुने सम्पूर्ण गाउँपालिका बासीहरु एवम् आम नागरिकहरुमा धन्यवाद दिन चाहन्छु। पुनः विगत वर्षबाट यस गाउँपालिकाले लिएका दीर्घकालिन नीति कार्यक्रम तथा बजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा अन्नपूर्ण गाउँपालिकाको भौतिक पूर्वाधार लागयत आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानव विकासका क्षेत्रमा सकारात्क प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट सदाझै निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दै, पुनः सबैमा धन्यवाद सहित विदा हुन्छु।

**नमस्कार, जय अन्नपूर्ण**

**सगुन गुरुङ**
**उपाध्यक्ष(अन्नपूर्ण गा.पा.)**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक**

| आ.ब.२०७७/०७८ का लागि प्रस्तावित आयोजना तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
| | **जम्मा पुजिगत बजेट** | | **१७५९५००००** | |
| १ | समपुरक कोष | | ३००००००० | |
| २ | वडागत पुजिगत अनुदान (कार्यपालिका सदस्य समेत) | | १७७००००० | |
| ३ | विषयगत शाखा (कन्टीनजेन्सी समेत) | | १२८२५०००० | |
| **समितिगत पूजिगत बजेट विनियोजन** | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन समिति १०६०००००** | | | | |
| **सि नं** | **योजना तथा कार्यक्रम** | **ठेगाना** | **रकम रु** | **कैफियत** |
| १ | संयुक्त सहयोग कार्यक्रम (पाइप खरिद) | गा.पा. | १०००००० | |
| २ | तार जाली तथा ग्याबिन खरिद | गा.पा. | १५००००० | |
| ३ | वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | गा.पा. | ४००००० | |
| ४ | ल्यान्डफिल साईट व्यवस्थापन तथा सम्भाव्यता अध्ययन | गा.पा. | ४००००० | |
| ५ | विपद व्यवस्थापन कोष (कोभिड समेत) | गा.पा. | ५०००००० | |
| ६ | भूक्षय तथा पहिरो नियन्त्रण | गा.पा. | १०००००० | |
| ७ | विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन | गा.पा. | १२००००० | |
| ८ | खाद्ध सुरक्षा तथा खाना संरक्षण कार्यक्रम (खाना नफालौ) | गा.पा. | १००००० | |
| | **जम्मा** | | १०६००००० | |
| **सुशासन तथा संस्थागत विकास ५५०००००** | | | | |
| **सि नं** | **योजना तथा कार्यक्रम** | **ठेगाना** | **रकम रु** | **कैफियत** |
| १ | सामाजिक परीक्षण | गा.पा. | २३००००० | |
| २ | सार्वजनिक सुनुवाई चौमासिक | गा.पा. | | |
| ३ | उपभोक्ता समिति तालिम | गा.पा. | | |
| ४ | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि | गा.पा. | | |
| ५ | सूचना प्रविधि गा.पा. तथा वडा कार्यालय | गा.पा. | | |
| ६ | अनुभव आदान प्रदान कार्यक्रम | गा.पा. | ५००००० | |
| ७ | गाउपालिका दिवस | गा.पा. | १००००० | |
| ८ | मेलमिलापकर्ताको सूचीकृत तथा पुनर्ताजगि कार्यक्रम | गा.पा. | ३००००० | |
| ९ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास | गा.पा. | १०००००० | |
| १० | तथ्याङ्क व्यवस्थापन | गा.पा. | ५००००० | |
| ११ | बृहत् घुम्ती शिविर संचालन | गा.पा. | ५००००० | |
| १२ | न्यायिक समिति | गा.पा. | ३००००० | |
| | **जम्मा** | | **५५०००००** | |
| **आर्थिक विकास समिति १७२०००००** | | | | |

| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग तथा वाणिज्य | गा.पा. | २००००० | |
| २ | सहकारी बैक तथा वित्तिय संस्था | गा.पा. | ५००००० | |
| ३ | पशु विकास कार्यक्रम | गा.पा. | २५००००० | |
| ४ | कृषि विकास कार्यक्रम | गा.पा. | ३०००००० | |
| ५ | परम्परागत धार्मिक संस्कृति संरक्षण (कोट मौला मन्दिर पुजा) | गा.पा. | २००००० | |
| ६ | मठमन्दिर तथा पुरातात्तविक सम्पदा संरक्षण | गा.पा. | १०००००० | |
| ७ | चौतारी, पोखरी, कुवा, पार्क तथा ढुङ्गे धारा संरक्षण | गा.पा. | १०००००० | |
| ८ | पर्यटन सुचना केन्द्र स्थापना | गा.पा. | २००००० | |
| ९ | सोत्रे सिमलबोट पाटेम्रो सिढीबाटो | गा.पा. | ५००००० | |
| १० | भिरमुनी दलित बस्ती सिढीबाटो | गा.पा. | ३००००० | |
| ११ | अन्य पर्व मेला महोत्सव | गा.पा. | ३००००० | |
| १२ | भोटेकुकुर संरक्षण एवम् प्रवर्द्धन | गा.पा. | १००००० | |
| १३ | छतछरे खोला सिर्जना मा वि हुँदै कुडहरी पदमार्ग | वडा नं १ | ५००००० | |
| १४ | सुसाउने ढुँङ्गा पदमार्ग | वडा नं २ | ५००००० | |
| १५ | हरितालिका तिज विशेष मेला कार्यक्रम, ढिकुरपोखरी | वडा नं १ २ ३ | २००००० | |
| १६ | भाटी भवनडाँडा पर्यटन पदमार्ग | वडा नं ३ | २००००० | |
| १७ | मराइचे देखि अष्ट्रेलियन बेस क्याम्प सिढिबाटो | वडा नं ३ | २००००० | |
| १८ | पंचासे पर्यटन पदमार्ग | वडा नं ४ | ५००००० | |
| १९ | कोदो महोत्सव, भदौरे | वडा नं ४ | २००००० | |
| २० | नयाँपुल वन हुँदै पुरानो गाँउ पदमार्ग | वडा नं ५ | ५००००० | |
| २१ | ढावादेखि एक्ले सल्लासम्म पदमार्ग | वडा नं ६ | ५००००० | |
| २२ | प्रविण गुरुङ्ग गायन प्रतियोगिता, लुम्ले | वडा नं ६ | ३००००० | |
| २३ | माझगाँउ हुँदै तोल्का लान्द्रुक पदमार्ग | वडा नं ७ | १०००००० | |
| २४ | हनि हन्टिङग प्रतियोगिता, लान्द्रुक | वडा नं ७ | १००००० | |
| २५ | विरेठाटी हुँदै थमडाँडा पदमार्ग | वडा नं ८ | ५००००० | |
| २६ | फागु महोत्सव, विरेठाटी | वडा नं ८ | २००००० | |
| २७ | उल्लेरीदेखि नाङ्गेठाटी पदमार्ग | वडा नं ९ | ५००००० | |
| २८ | तिलारे चोकदेखि नर्थोक पदमार्ग | वडा नं १० | ५००००० | |
| २९ | छोम्रोङ्ग गुरुङ्ग हिल हुँदै हिडेनलेक पदमार्ग | वडा नं ११ | ५००००० | |
| ३० | अन्नपूर्ण म्याराथुन, घान्द्रुक | १० ११ | ५००००० | |
| | **जम्मा** | | १७२००००० | |

## सामाजिक विकास समिति २१४५००००

| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | शिक्षा विकास कार्यक्रम | गा पा | २५००००० | |
| २ | स्वास्थ्य सेवा कार्यक्रम (आयुर्वेद समेत) | गा पा | ३०००००० | |
| ३ | स्वास्थ्य स्वयसेविका प्रोत्साहन कार्यक्रम | गा पा | ७००००० | |
| ४ | इ सि डी शिक्षिका प्रोत्साहन | गा पा | ४००००० | |
| ५ | उपाध्यक्षसँग महिला कार्यक्रम | गा पा | १०००००० | |
| ६ | दलित क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | गा पा | ५५०००० | |
| ७ | जनजाति क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | गा पा | १०००००० | |
| ८ | युवा खेलकुद कार्यक्रम | गा पा | ११००००० | |
| ९ | महिला तथा बालबालिका लक्षित कार्यक्रम | गा पा | ३००००० | |
| १० | जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम | गा पा | ५००००० | |
| ११ | उल्लेरी तथा तोल्का स्वास्थ्य ईकाई संचालन अनुदान | गा पा | २००००० | |
| १२ | अति विपन्न तथा असाहय अनाथ हिंसामा परेको सहयोग कोष | गा पा | २००००० | |
| १३ | विभिन्न खानेपानी योजना | गा पा | १०००००००० | |
| | **जम्मा** | | २१४५०००० | |

## पूर्वाधार विकास समिति ६८५००००००

| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | बाटो मर्मत संभार कोष | गापा | १०००००० | |
| २ | बृहत् लान्द्रुक खानेपानी योजना १% लागत अनुदान | गापा | ५५००००० | |
| ३ | वडा भवन निर्माण (जि स स अनुदान समेत) | गापा | २०००००००० | |
| ४ | स्थानीय झोलुङ्गे पुल साझेदारी कार्यक्रम | गापा | १०००००० | |
| ५ | गाउपालिका केन्द्र पुर्वाधार निर्माण | गापा | २५००००० | |
| ६ | अन्नपुर्ण रिङ्गरोड स्तरोन्नति | गापा | २०००००० | |
| ७ | ५ % लागत सहभागितामा आधारित सिंचाई योजना | १ देखि ११ | ५५००००० | |
| ८ | नागडाडा भित्रिबाटो स्तरोन्नति | वडा नं १ | ५००००० | |
| ९ | छविस्मृति हुँदै सिम्ले ग्रा स स्तरोन्नति | वडा नं १ | १०००००० | |
| १० | सम्मिको बोटबाट कृषि सडक जोड्ने बाटो | वडा नं १ | ५००००० | |
| ११ | भैपोखरी डिलबाट सिम्ले मोटर बाटो निर्माण | वडा नं १ | ५००००० | |
| १२ | वडा कार्यालयदेखि चुहिने पहरासम्म बाटो स्तरोन्नति | वडा नं २ | ५००००० | |
| १३ | प्याउदी ठुलाचौर गा स | वडा नं २ | ५००००० | |
| १४ | दिप बुढाघर हुदै कडेले बाटो स्तरोन्नति | वडा नं २ | १०००००० | |
| १५ | नागडाडा निवारे ग्रा स स्तरोन्नति | वडा नं २ | ५००००० | |
| १६ | भयर चोक सेराचौर हुँदै भित्रीबाटो डायरी चोकसम्म ग्रा स स्तरोन्नति | वडा नं २ | ५००००० | |
| १७ | रातामाटा शिव मन्दिर ग्रा स स्तरोन्नति | वडा नं २ | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | ढीकुरपोखरी हुदै धारापानी हुदै देउराली स्तरोन्नति | वडा नं ३ | १५००००० | |
| १९ | पत्थर मराइचे काढे धम्पुस ग्रा स स्तरोन्नति | वडा नं ३ | ५००००० | |
| २० | भिरमुनि हिले काउनडाडा ग्रा स स्तरोन्नति | वडा नं ३ | ५००००० | |
| २१ | ओखले लाक्रे ग्रा स स्तरोन्नति | वडा नं ३ | ५००००० | |
| २२ | देउराली दमदमे पाउदुरकोट ग्रा स स्तरोन्नति | वडा नं ३ | ५००००० | |
| २३ | देउराली डाडा धारापानी हुदै रानीथोक ग्रा स स्तरोन्नति | वडा नं ३ | १०००००० | |
| २४ | बासखर्क झारकोट लामाचौर बाटो स्तरोन्नति | वडा नं ४ | ५००००० | |
| २५ | भदौरे प्रेम बस्ती ग्रा स स्तरोन्नति | वडा नं ४ | ५००००० | |
| २६ | सल्यान घुम्ती लुयरा नयागाउ बाटो स्तरोन्नति | वडा नं ५ | ५००००० | |
| २७ | धौलागिरी गेट नयापुल घाट ग्रा स स्तरोन्नति | वडा नं ५ | ५००००० | |
| २८ | गिरीचोक ओखरबोट ग्रा स स्तरोन्नति | वडा नं ५ | ५००००० | |
| २९ | हाइवे झोवाङ्ग हुदै सल्यान बाटो स्तरोन्नति | वडा नं ५ | १५००००० | |
| ३० | ढावा हाइजुङ्ग सडक स्तरोन्नति | वडा नं ६ | ५००००० | |
| ३१ | ठोट्नेखोला ढाके सव्जुङ्ग ग्रा स स्तरोन्नति | वडा नं ६ | १०००००० | |
| ३२ | पुरानो घडेरी पसल हुदै ढाक्रे बाटो स्तरोन्नति | वडा नं ६ | १०००००० | |
| ३३ | जलजला ध्याबजुङ्ग ग्रामिण सडक | वडा नं ६ | ३००००० | |
| ३४ | ढावा तोमिजुङग ग्रा स स्तरोन्नति | वडा नं ६ ७ | ५००००० | |
| ३५ | माझगाउदेखि भच्चेक हुदै लान्द्रुक बाटो स्तरोन्नति | वडा नं ७ | १५००००० | |
| ३६ | क्रुधु देखि आलु खोर ग्रा स निर्माण | वडा नं ७ | ५००००० | |
| ३७ | जलकिनि खाउने हुदै दाङ्गसिङ्ग बाटो स्तरोन्नति | वडा नं ८ | १५००००० | |
| ३८ | विरेठाटी दाङ्गसिङ्ग मोहरिया ग्रा स स्तरोन्नति | वडा नं ८ | ५००००० | |
| ३९ | तम्मु मोहरिया ग्रा स स्तरोन्नति | वडा नं ८ | १०००००० | |
| ४० | सार्क्यु गैरीवाङ्ग ग्रा स स्तरोन्नति | वडा नं ८ | ५००००० | |
| ४१ | लिग्रा तबांग सडक स्तरोन्नति | वडा नं ८ | २००००० | |
| ४२ | तिखेढुङ्गा नयागाउ दलित बस्ती मोटरबाटो निर्माण | वडा नं ९ | १०००००० | |
| ४३ | विरेठाटी तिखेढुङ्गा मोटर बाटो स्तरोन्नति | वडा नं ९ | २०००००० | |
| ४४ | धाम्ले हुदै कोटगाउँ बाटो स्तरोन्नति | वडा नं १० | १५००००० | |
| ४५ | मत्क्यू सामरुङ्ग मोटरबाटो निर्माण | वडा नं ११ | १५००००० | |
| ४६ | मतक्यु उरी हुँदै किमरुङ्ग खोला बाटो निर्माण | वडा नं ११ | ५००००० | |
| ४७ | क्रेजोङ्ग देखि सुनखानी मोटरबाटो निर्माण | वडा नं १० | १०००००० | |
| | **जम्मा** | | ६८५००००० | |

## समपुरक कोष २००००००

| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | काडे भदौरे सल्यान ग्रा स स्तरोन्नति | वडा नं ४ | २०००००० | |

**संघिय सरकारबाट विनियोजन भएका ग्रामिण सडकहरु( स्मरणको लागि)**

| सि नं | योजना तथा कार्यक्रम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | नागडाडा अधिकारी डाडा कार्किको टहरा सडक | वडा नं १ | १०००००००० | |
| २ | कार्किको टहरा अधिकारी डाडा नागडाडा | वडा नं १ | १०००००००० | |
| ३ | कृषि सडक | वडा नं १ २ ३ | १०००००००० | |
| ४ | कास्कीकोट पर्यटकिय चक्रपथ खड्गाउ पाउदुर | वडा नं ३ | ४५००००० | |
| ५ | काडे अष्ट्रेलियन क्याम्प प्रितम देउराली सिढी | वडा नं ३ | ३०००००० | |
| ६ | लुम्ले तालचोक भिच्चुक | वडा नं ७ | १०००००००० | |
| ७ | लान्द्रुक बृहत् खानेपानी योजना | वडा नं ७ | १०००००००० | |
| ८ | ग्रेट अन्नपुर्ण पदमार्ग | वडा नं ९ र १० | ४०००००० | |
| ९ | विरेठाटी सिमै धाम्ले सडक | वडा नं १० | १०००००००० | |
| १० | नयापुल विरेठाटी सिमै हुदै उरी | वडा नं ८ १० ११ | १०००००००० | |
| | **जम्मा** | | **६१५००००००** | |

| सि नं | प्रदेश अन्तर्गतका योजना | वडा | विनियोजित रकम |
|---|---|---|---|
| 1 | नौ डाडाँ भ्युटावर निर्माण | १ | 1000000 |
| 2 | लुम्ले खानापनी योजना | ६ | 5000000 |
| 3 | नयापुल विरेठाटी उरी सडक | ५ | 50000000 |
| 4 | नागडाडाँ सेराचौर ग्रामिण सडक | २ | 5000000 |
| 5 | नागडाडाँ अधिकारीडाडाँ कार्किको टहरा | १ | 5000000 |
| 6 | अन्नपूर्ण चक्रपथ | गा पा | 5000000 |
| 7 | गिरीचोक माईपुज्ने झोवाङ्ग सडक | ५ | 5000000 |
| 8 | बाग्लुङ्ग बसपार्क पाउदुर कृषिसडक | गा पा | 5000000 |
| 9 | विरेठाटी तिखेढुङ्गा उल्लेरी | ८ ९ | 5000000 |
| 10 | स्याउलीबजार तिख्यान नरथोक | ९ | 5000000 |
| 11 | लुम्ले काडे भदौरे डिमुवा सडक | ४ | 5000000 |
| 12 | भिच्चुक अन्नपूर्ण १० जोड्ने सडक | ७ | 1500000 |
| 13 | मेलाचे खानापनी योजना | ११ | 2850000 |
| 14 | तान्चोक खानेपानी | ७ | 610000 |
| 15 | भिच्चुक खानेपानी | ७ | 2850000 |
| 16 | हाइवे अस्पताल निर्माण | ५ | 10000000 |
| 17 | येत्रु सुनखानी खानापनी योजना | १० | 325000 |
| 18 | दाङसिङ खानेपानी योजना | ८ | 5000000 |
| 19 | ढिकुरपोखरी अधेरी खानेपानी योजना | ३ | 400000 |

| | | | |
|---|---|---|---|
| | जम्मा | | 119535000 |

| सि नं | संघ अन्तर्गतका योजना | वडा | विनियोजित रकम |
|---|---|---|---|
| 1 | चोर्ने खोला बाट घान्द्रुक जोड्ने पुल | 10 | 4750000 |
| 2 | मुक्तिनाथ मार्ग भुरुङ्गर्दिखोला पुल विरेठाटी तिखेढुङ्गा उल्लेरी | | |
| 3 | नागडाडा अधिकारीडाडाँ हुदै कार्कीको टहरा | 1 | 4000000 |
| 4 | नयाँपुल विरेठाटी किम्चे घान्द्रुक उरी घुरजुङ्ग छोम्रोङ्ग सडक | गा पा | 4000000 |
| 5 | लुम्ले तान्चोक भिच्चुक लान्द्रुक सडक | 7 | 4000000 |
| 6 | विरेठाटी चामे घान्द्रुक सडक | गा पा | 4000000 |
| 7 | कार्किको टहरा नागडाडाँ | 1 | 4000000 |
| 8 | पोखरा बसपार्क पधेली लुम्ले सल्यान पर्वत सडक | गा पा | 4000000 |
| 9 | अन्नपूर्ण म्याराथन प्रतियोगिता संचालन अनुदान | 10 | 500000 |
| 10 | लान्द्रुक बृहत् खानेपानी योजना | 7 | 65000000 |
| | जम्मा | | 94250000 |